परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ४५ २०७८ आषाढ ६ गते आईतवार Sunday 20, JUN 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-



पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर


## राठी एडेशिभद्धारा निशुल्क एम्बुलेन्स सेवा उद्घाटन




बिराटनगर । राठी एडेशिभ इन्डष्ट्रिजले निशुल्क एम्बुलेन्स सेवाको समुद्घाटन गर्ने कार्यक्रमलाई प्रदेश १ को समाजिक विकास मन्त्री उषाकला राईले अस्वीकार गरेको छ ।

समाजिक विकास मन्त्रालयको प्रागणमा इन्डष्ट्रिजले कम्पनीको ढुवानीमा प्रयोग गर्ने वा २ च ५६१३ नं. को मारुती भेन र बा १८ च ९३२ नं. को म्याजिक भेनलाई एम्बुलेन्सको रुप दिएर मन्त्रीवाट उद्घाटन गर्न खोज्दा एम्बुलेन्सको प्रक्रिया पुरा नएकोले सो निशुल्क एम्बुलेन्स समुद्घाटन गर्न अस्वीकार गरेका थिए ।

मन्त्रीले अस्वीकरा गरेपछि हटखोलामा रहेको इन्डष्ट्रिजको प्रागणमा इन्डष्ट्रिजका संचालक मुकेश कुमार राठी, अरुण कुमार राठी, श्याम राठीले संयुक्त रुपमा निशुल्क एम्बुलेन्स सेवाको समुद्घाटन गरेको थियो ।

समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै भने कोभिड १९ को महामारी भएको वेला आम जनतालाई निशुल्क सेवा सुविधा दिने उदेश्यले 'द बोण्ड अफ होप' भेन कार्यक्रम अर्न्तगत मोरंग जिल्ला भरिका विरामी ओसार पसार गर्न केही सहयोग पुग्ने भावनाले निःशुल्क एम्बुलेन्स सेवा ल्याएको वताए ।

समाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय मोरंग विराटनगरवाट सवारी पास सम्वन्धमा च.नं. ७३७ मिति २०७८/२/२७ गते जिल्ला प्रशासन कार्यालय मोरंगमा पत्र पठाएपछि सर्तहरु सहित जिल्ला प्रशासन कार्यायल मोरंगले सोही दिन अनुमति दिएपछि करीब ४ लाखको लगनी गरी सो एम्बुलेन्स निर्माण गरेको अरुण राठीको भनाई छ ।

मोरंग जिल्ला भरीको कोरोना संक्रमित विरामीका परिवारले एम्बुलेन्स नपाईरहेको अवस्थामा हाम्रो इन्डिष्ट्रिजले संचालन गरेको निःशुल्क एम्वेलेन्स सेवा संचालनले केही राहत हुने विश्वास कम्पनीले लिएको छ ।

## जनताको पहँचमा नपुगेको आयुर्वेदिक औखती

हिरालाल साह

बिराटनगर । आयूर्वेदिक औखतीहरु निशुल्क वितरण गरेतापनि आम सर्वसाधारण जनताको पहुँचमा पुग्न नसकेको गुनासो जिल्ला आयूर्वेद अस्पतलाका प्रमुख चिकित्सक डा. नृत्र बहादस। बस्नेतले वताएको छ ।

कोभिड-१९ महामारीको पहिलो र दोस्रो लहरको संक्रमणमा नेपालीको हजारौंको संख्यामा मृत्युको कारणबाट देश आक्रान्त भएको अवस्थामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ बिराटनगरले जनस्वास्थ्यका विभिन्न मापदण्डहरु आम जनतालाई उपलब्ध गराउँदै आएको छ ।

बस्नेतका अनुसार यस स्वास्थ्य केन्द्रबाट दैनिक रुपमा ४०/५० जना सेवा लिन आउने गरेका छन् । सेवा ग्राही तथा बिरामीहरुलाई

वांकी अन्तिम पेजमा...

## बजेटमा दलितको सहभागीता न्यून

विराटनगर । सरकारकै नियत खराब हुँदा संघ र प्रदेश सरकारको बजेटमा दलित समुदायको सहभागिता न्यून रहेको निस्कर्ष सरोकारवालाले निकालेका छन् । सत्तारुढ एमालेकै सांसदले बजेट विनियोजनमा दलित समुदायमाथि भएको विभेदप्रति असन्तुष्टि पोखेका छन् ।

मानव अधिकारका लागि स्रोत विकास मञ्च (रिडेफ नेपाल)ले आयोजना गरेको भर्चुअल कार्यक्रममा बोल्दै प्रदेश १ की पूर्वसामाजिक विकास राज्यमन्त्री एवं सत्तारुढ एमालेकी सांसद जसमाया गजमेरले सरकारमा पुगेपछि दलितको मुद्दालाई भुल्ने प्रचलन रहेको आरोप लगाउनु भयो । दलित समुदायको उत्थान र विकास हुन नसक्नुमा सरकार नै बाधक रहेको उहाँको गुनासो छ ।

प्रदेश १ की सांसद उमिता बराइलीले नीति तथा कार्यक्रममा दलित शब्द धेरै ठाउँमा समेटिएको, तर व्यवहारिक प्रयोगको अनुभूति हुने खालको बजेट नआएको गुनासो पोख्नु भएको छ । छुवाछुत अन्त्य, दलित सशक्तिकरण ऐन, दलित संग्राहलय निर्माण लगायतका लागि अघिल्लो वर्ष बजेट ल्याइएको भए पनि हालसम्म कार्यान्वयनको सुरुवात हुन नसकेको बराइलीको टिप्पणी थियो ।

नीति कार्यक्रममै ल्याएको बजेट झुट बोल्ने र झारो टार्ने शैलीको भएको बताउँदै उहाँले प्रदेश १ सरकारसँग नैतिकता नै नभएको आरोप लगाएको छ । दलित महिला

वांकी अन्तिम पेजमा...

## उद्योगीहरुमा बढेको छाडापन चाडै अन्त गर्ने : मन्त्री यादव

मिर्चैया । प्रतिनिधी सभा विघटन गरी बनेको कामचलाउ सरकारमा उद्योग,बाणिज्य तथा आपुर्ति बनेका जनता समाजवादी पार्टीका नेता राजकिशोर यादवले ठूल्ठूला उद्योगीहरुमा बढेको मनपरी र छाडापनको अन्त गर्ने दावी गरेको छ ।

मन्त्री बनेपछि पहिलोपटक गृहजिल्ला सिरहा आएपछि सो कुरा वताउँदै व्यापारीहरुको कोलोबजारी, महँगी र मनोमानी चल्न नदिने वहांका भनाई थियो । उद्योगी व्यवसायीहरुको प्राथमिकतामा व्यवसायको सेवा भाव र उपभोक्ता प्रति उत्तरदायित्व हुनु पर्नेमा सो नदेखिएको उल्टै उपभोक्तलाई शोसन गरेको हुँदा त्यसको अन्तको लागि म मन्त्री बनेको वताएका थिए । देशमा अब कालोबजारी, महंगी र व्यापारीको मनोमानी चल्दैन ।'

जनतालाई हितहुने गरी सेवाभावले मापदण्ड भित्र रहेर

वांकी अन्तिम पेजमा...

## बाख्रा खरिद्द सम्झौता नगरपालिकाद्धारा रद्ध

विराटनगर । मोरङको बेलबारी नगरपालिकाले आर्थिकवर्ष. २०७७/०७८ को नगर विकास योजनाको पशुधन तथा वागवानी विकास बोयर बाख्रा विकास सहयोग कार्यक्रम अन्तर्गत बेलबारी नगर कार्यपालिकाको मिति २०७७ फालुण २६ गतेको ६२ औ बैठकबाट ६९ औं नगर कार्यपालिकाको बैठकले बेलबारी नगरपालिका र ग्रो अर्गानिक कृषि प्रालि संखुवासभाबीच भएको बोयर बाख्रा खरिद सम्झौता खारेज गरेको छ ।

गत जेठ ३ गते गरेको सम्झौता अनुसार मापदण्ड अनुसार बाख्रा नल्याएको सो कम्पनीसँगको ठेक्का सम्झौता खारेज गरि जमानत रकम जफत गरेर कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारीस गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

नगरपालिकाका प्रबक्ता योगेन्द्र सुबेदीका अनुसार नगर कार्यापालिका सदस्य बिन्दुकला गुरुङको संयोजकत्वमा सो प्रकरणको छानविन गर्न समिति गठन गरिएको छ । समितिको सदस्यहरुमा नेकपा एमाले, नेपाली कांँग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीका प्रतिनिधि रहनेछन् ।

ग्रो अर्गानिक कृषि प्रालि संखुवासभालाई ठेक्का बापत हालसम्म कुनै रकम नगरपालिकाले भुक्तानी नगरेको नगरपालिकाले जनाएको छ । सो कम्पनीबाट अष्ट्रेलियाको बोयर जातको बाख्रा खरिद गर्ने सम्झौता नगरपालिकाले गरेकोमा नवलपरासीको लोकल बाख्रा ल्याएर कम्पनीले वितरण गरेको थियो ।

त्यसैगरी बेलबारी नगरपालिकाले सूचनाको हकको सम्मान गर्दै

वांकी अन्तिम पेजमा...


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर

बिरामीहरूको लागि खुशीको खबर !!

ल्याब जाचमा ५०% सम्मको छुट

सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

# काश्यप ऋषिको उत्पादन, ९९.९ प्रतिशत किटानुको निर्मलिकरण






विराटनग । विश्व व्यापी रुपमा फैलि रहेको कोरोना भाइरस (कोभिड-१९) जस्ता किटानुहरुलाई काश्यप ऋषि आयूर्वेद कम्पनीले उत्पादन गरेको सेनिटाईजरले ९९.९ प्रतिशत किटानुको निर्मलिकरण गर्दछ ।

काश्यप ऋषि आयूर्वेद कम्पनी प्राइभेट लिमिटेडले उत्पादन गरेको हेण्ड सेनिटाईजरमा इथानोल ७३ प्रतिशत, ग्लेसरीन २.५ प्रतिशत, हाइड्रोजन प्रोक्साइड प्यूरिफाईड वाटर ०.७ प्रतिशत र फ्रेगरेन्स ०.८ प्रतिशत मिलाएर बनाएको हुँदा निर्धक्क भएर प्रयोग गर्न ग्राहक वर्गमा प्रालिका निर्देशक संतोष साहले आग्रह गरेको छ ।

जोखिम तथा ज्वलनशील नभएको उच्चस्तरिय कीटाणुनाशक उद्योग प्रतिष्ठान, संस्थागत कार्यालय, एयरपोर्ट, स्वास्थ्य सेवा, विद्यालय तथा कलेज, यातायातका साधन, मल, पसल, सिनेमा हल, होटल, रेस्टुरेन्ट, एयरक्राफ्ट तथा घरमा समेतको प्रयोग गर्न सकिने सो उत्पादीत लिक्वीडले स्प्रे गरेर, कपड़ामा भिजाएर वा फोगिंगको माध्यमले सफाइ गर्न सकिने कम्पनीले बताएको छ ।

काश्यप ऋषि आयूर्वेद कम्पनीले उत्पादन गरेको सेनिटाईजरले कपडा, प्लाष्टिक, धातु, रबर सहित अन्य कुनै पनि सामग्री वा सतहमा कुनै किसिमको हानी नोक्सानी नगर्ने कम्पनीको दावी छ ।

बजारमा कम्पनीले उत्पान गरेको ५ लिटर, १ लिटर, आधा लिटर र ११० मिलीग्रामको प्लाष्टी वोतल र स्प्रेमा सर्वत्र उपलब्ध गराएको छ ।




## जनताको...

सरकारले निशुल्क ओ.पि.डी. र २३ किसिमको ओखती निशुल्क बितरण हुँदै आएको छ । ज्येष्ठ नागरिक तथा स्तनपायी आमाहरुको लागि विशेष प्याकेजमा थप पाँच किसिमको ओखती निशुल्क बितरण हुदै आएको वताए ।

आयुर्वेद स्वास्थ्य केन्द्रमा १५ वटा बेड सहित प्राकृतिक चिकित्सा, योग, पंचकर्म र सर्जरीसम्मको सुबिधा रहेको भए पानि डाक्टर, नर्स, कर्मचारी, उपयुक्त सेटअप सहितको भवन तथा बजेट अभाव रहेकोले सेवा ग्राहिहरुले पुर्ण सुबिधा पाउन नसकेको कुरा डाक्टर निशान्त ढकालले बताए ।

आयूर्वेद अस्पतालमा १५ बेडको व्यवस्था रहेको छ । ओ पि डी सेवा, पंचकर्म, प्राकृतिक चिकित्सा, योगा तथा सर्जरी सबै सेवा दिनुपर्नेमा जम्मा स्टाप २१ जना मात्र भएकोले जनशक्ति अभाव संगै अस्पतालको उचित व्यवस्थापन गरी ऐलो पेथिक जस्तै आयुर्वेदको संजाल स्थानीय तह सम्म भए मात्र आयुर्वेदिक औखती आम जनताले प्रयोग गर्ने वहांको भनाई छ । उचित व्यवस्थापन नभएको कारण हाललाई सर्जरी बन्द गर्नुपर्ने बाध्यता रहेको छ । जम्मा १० करोड बजेटमा ८ करोड तलब खर्चनै हुन्छ बाँकि २ करोडमा ओखती तथा सामान्य खर्चेर सेवा दिनुपर्ने बाध्यता छ ।

## बजेट...

संघ (फेडो)की केन्द्रीय सदस्य पाण्डु परियारले अन्य क्षेत्रलाई राज्यको बजेटले समेट्न खोजेको भए पनि दलित समुदायलाई समेट्न नसकेको विचार व्यक्त गर्नु गरेको छ ।

खोज एवं अनुसन्धानकर्ता जेबी विश्वकर्माले दलित समुदायले समग्र रुपमा खोजेको के हो वा उनीहरुको सामाजिक, सांस्कृतिक, आर्थिक उत्थान कसरी गर्न सकिन्छ भन्ने विषयमा राज्य गम्भीर नभएको बताउनु बताए । रिडेफ नेपालका अध्यक्ष एवं दलित अधिकारकर्मी उमेश विश्वकर्माले दलित समुदायलाई छुनै नसक्ने र यो समुदायलाई सम्बोधन नै नगर्ने बजेट सरकारले ल्याउनु दुःखद् भएको आरोप लगाए ।

## उद्योगीहरूमा...

सञ्चालन हुने उद्योगलाई भने प्रोत्साहन गर्ने जिम्मेवारी सरकारको रहेको भन्दै यसमा कमि नहुने पनि मन्त्री यादवले दावी गरेका थिए ।

उद्योग क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गर्दै उद्योगी व्यवयासीको जायज माग सम्बोधनका लागि राज्यपछि नहट्ने उनको भनाइ छ । 'औद्योगिक क्षेत्रका समस्या समाधान गरी मुलुकमा उद्योगमैत्री वातावरण बनाउने कार्यको थालनी गरिसकेको वताए ।

उनले भने, 'देशमा सरकार जनताका लागि काम गरिरहेको छ भन्ने कुरा जनतालाई अनुभूति गराउनेछु ।' कोरोनाका कारण देशका औद्योगिक क्षेत्र प्रभावित बनेको र अर्थतन्त्र पनि धरासायी बन्न पुगेको भन्दै यसलाई गतिशील बनाउन आफू गम्भीरतापूर्वक सक्रियभएर लागि परेको वहांको भनाई थियो ।

## बाखा...

सरोकारवालालाई माग गरेको सूचना/जानकारी सहज ढङ्गले उपलब्ध गराउदै आएको अवस्थामा केहि मिडियामा नगरसँग सूचना/जानकारी लिने वा सत्य तथ्य खोजी गर्ने भन्दा पनि तथ्यहिन, निराधार र भ्रामक समाचार प्रकासन/प्रसारण गर्ने गरेको प्रति नगरपालिकाको गम्भिर ध्यानाकर्षण गर्दै त्यस प्रकारको भ्रामक समाचार प्रति निगरानी राख्न प्रेस काउन्सिलको समेत ध्यानाकर्षण गराएको छ ।





# नेपाल खानेपानी संस्थान

## शाखा कार्यालय विराटनगरको

### ग्राहकबर्गमा जरूरी सुचना

हाल बिश्वब्यापीरुपमा फैलिएको कोरोना (कोबिड–१९) भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि श्री जिल्ला प्रशासन कार्यालय मोरङबाट मिति २०७८/०१/१९ गते देखी जारी भएको निषेधाज्ञाको अबधीभर यस नेपाल खानेपानी संस्थान बिराटनगर शाखाबाट पानी उत्पादन, बितरण, पाईप र मिटर मर्मत तथा जनगुनासो सुनुवाई जस्ता अत्यावश्यक कार्यहरु नियमित रुपमा सञ्चालन हुने ब्यहोरा अनुरोध गर्दै हालको जटिल परिस्थितिमा मिटर रिडिङ्ग कार्यमा खटिने मिटर रिडर कर्मचारीहरु ग्राहकको घरसम्म गई रिडिङ्ग कार्य गर्न सक्ने अवस्था नरहेको हुँदा ग्राहक महानुभावहरुले आफनो सम्बन्धीत एरियाका तपसिल बमोजिमका मिटर रिडरहरु सँग सम्पर्क गरी ग्राहकको आई.डी., नाम र मिटरमा उठेको अंक टिपाई अनलाईन सिष्टम (E –Sewa, Khalti App, Prabhu pay, Phone pay) आदिबाट समेत महशुल भुक्तानी गर्न सकिने ब्यहोरा अनुरोध गर्दै यसबाट सेवाग्राहीमा पर्नसक्ने असुबिधा प्रति संस्थान क्षमाप्रार्थि छ ।

तपसील

| सि.नं. | कर्मचारीहरुको नाम | मोबाईल नम्बर | एरिया नम्बर |
|---|---|---|---|
| १. | सन्दिप अर्याल | ९८४२१२८५७८ | १३ र १७ |
| २. | श्यामचन्द्रलाल कर्ण | ९८४२०६८२७८ | १२ , १५ र १६ |
| ३. | नारायण कुमार खड्का | ९८४२०५४४३८ | ९, १० र ११ |
| ४. | सन्जित राय | ९८४२०९६८६८ | १, २ र १८ (सरकारी ) |
| ५. | सत्यनारायण मण्डल | ९८४२३३२४६९ | ३, ४ र १४ |
| ६. | उत्तम पासवान | ९८१४३६३४८१ | ५, ६, ७ र ८ |
| ७. | होम प्रसाद चम्लागाईं (सुचना अधिकारी ) | ९८५२०८१०१३ | कार्यालय सम्बन्धी गुनासो एव थप जानकारीका लागि सम्पर्क गर्नुहुन । |



## सुनसरी मोरंग सिचाई योजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रूपमा बनाइएका घर टहरा तथा घेरवारहरू हटाउने वारेको

### अत्यन्त जरुरी सूचना

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ । यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ ।

सुनसरी मोरंग सिंचाई योजना विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# विपद् व्यवस्थापन खोइ त ?

अषाढ महिनाको आगमनसंगै मनसुनको शुरुवात भई सातैवटै प्रदेशमा बाढी पहिरोको प्रभाव देखिन थालेको छ । कोरोना संक्रमाणको कारण लकडाउले आहत भएको आम नेपाली पहिरोको चपेटामा परिसकेको छ । कतिपैय जिल्लाहरमा दर्जनौ व्यक्तिको ज्यान गएको छ भने सयौ घईते भएका छन् । धनजनको त्यतिकै क्षतिभएको छ । बाढीपहिरोले केही घण्टामा अर्वौको भौतिक संरचना ध्वस्त पारेको अवस्था छ । यस्ता विपती थोर बहुत गरेर प्रत्येक वर्ष आउने गरेको छ तर नेपाल सरकार ले विपद् व्इवस्थापनको पूर्व तयारी गरेको हुँदैन जसको कारण मानवीय क्षति लगायत भौतिक संरचना ध्वस्त हुने गरेको छ। वर्षा जारी रहने र धेरै क्षति हुने सम्भावना भएको मौसमविद्हरुको अनुमान रहेको छ । जसले गर्दा अधिक वर्षाका कारण ठूला नदीमा बाढी र पहाडी क्षेत्रमा पहिरोको उच्च सम्भावना सँगै जोखिम बढी छ । बाढीपहिरोबाट हुने क्षतिको सुरुआत शुरुवात भई सकेको छ । तर विपद् व्यवस्थापन तिर सरकाको कुनै वास्तै छैन ।

विपद् जहिले आएपनि बजाबजाएर आउँदैन अचानक नै आउँछ त्यसैको लागि विपद् व्यवस्थापन गर्नकै लागि प्राकृतिक विपद्को जोखिमको अध्ययन गर्ने र अनुमान गर्ने वैज्ञानिक संयन्त्र र संरचना नेपालमा पनि र हको छ। जसका कारण बाढी, पहिरोबाट कुन स्थान, कहिले, कति जोखिम ? भन्ने अड्कल गर्न असहज छैन । प्रत्येक वर्ष आउने बाढीपहिरो जस्ता प्राकृतिक विपद्को त समय सबैलाई ज्ञान छ । तर पनि विपद्लाई व्यवस्थापन गर्न सरकार किन चुकि रहेको छ। पिपद् आउनु भन्दा पहिले किन विपद् व्यवस्थापन को तयारी गरिदैन वर्षभरि सरकारल कसको मुख ताकेको हुन्छ। विपद्को घडीमा सरकार किन सहयोग गर्न उभिन सक्दनन यस्ता कमजोरीहरुको पनि अध्यय हुन आवश्यक छ।

तीन खण्डमा विभाजीत रहको छ हिमाल, पहाड र तराईका सबै क्षत्रे मानव समुदायको बसोवास छ । वर्षाको वेला पहाडमा पहिरोको समस्या र तराईमा बाढीको समस्या रहेको छ । अनियन्त्रीत वस्तीका कारण बस्तीहरु जोखिममा रहेको छ । अझै पछिल्लो समय खोला किनारलाई अतिक्रमण गरेर वा खोलालाई खुम्च्याएर घर निर्माण भएका छन् भने त्यहाँ पुग्न दर्जनौं स्थानमा जथाभावी डोजर चलाइएका छन् । ती अव्यवस्थित रूपमा रहेका बस्ती नै बर्षाको समयमा जोखिममा परेको हुन्छ। बाढीपहिरोको दृष्टिले नेपाल तिसौं स्थानमा छ। प्राकृतिक विपद् आउनुमा मानिसकै बढी भूमिका रहनेसमेत विभिन्न अध्ययनले देखाएका छन् । यो अवस्थामा विपद्मा परेकालाई सरकारले समयमा उद्धार र र हतको व्यवस्थापन गर्दै विपद् न्यूनीकरणका लागि तीनवटै संघिय, प्रदेश र स्थानीय तहको जनप्रतिनिधी सक्रिय भएर लाग्न जरुरी छ ।

# जेष्ठ नागरिकका दश कुरा

कृष्णहरि बास्कोटा

जून १५ का दिनलाई ज्येष्ठ नागरिक दुर्व्यवहार विरुद्धको विश्व चेतना दिवसका रुपमा मनाइन्छ। यस्तो दुर्व्यवहारलाई अन्त्य गर्न आमा-बुबाहरुको पक्षमा १० वटा कुराको वकालत गर्ने अनुमति चाहन्छु ।

१.सम्पत्तिमा आफूखुसी

नेपालमा ज्येष्ठ नागरिकमाथि हुने अधिकांश पारिवारिक दुर्व्यवहार मा सम्पत्ति नै प्रमुख कारक तत्व मानिएको छ । यसर्थ, ज्येष्ठ नागरिकलाई सम्पत्तिको कारणबाट हुने दुर्व्यवहारबाट सुरक्षित गराउन वर्तमान कानूनमा आधारभूतरुपमै संशोधन गर्नुपर्छ ।

जसअनुसार, ज्येष्ठ नागरिकले आर्जेको सम्पत्तिमा इच्छापत्रको व्यवस्था हुनुपर्छ। जुन, इच्छापत्र ज्येष्ठ नागरिकले चाहेका बखत सहजै रद्ध हुने कानूनी व्यवस्था गर्नुपर्छ ।

यस्तो इच्छापत्रका २ वटा विकल्प हुनेछन् । पहिलो विकल्प अनुसार, यस्तो इच्छापत्र आफ्नो सन्ततीलाई प्रदान गरिनेछ। दोस्रो विकल्प अनुसार आफ्नो सम्पत्ति सरकारले कानून निर्माण गरी खडा गरेको आधिकारिक ट्रष्टको नाममा जारी गरिनेछ ।

यसको आधारभूत सिद्धान्त अनुसार हालका ज्येष्ठ नागरिकले हासिल गरेको पैत्रिक सम्पत्ति वा आफूले आर्जन गरेको सम्पत्तिमा निजहरु जीवित छउन्जेल अंश नलाग्ने प्रष्ट कानूनी प्रवन्ध गर्नुपर्छ ।

हाल, आफूसँग कुनै सम्पत्ति नभएकाले सन्तानको आयआर्जनमा बाच्न बाध्य ज्येष्ठ नागरिक मात्रै पारिवारिक दुर्व्यवहारमा परिरहेका छैनन् कि आफूसँग बाचुन्जेल खान-लगाउन पुग्ने सम्पत्ति भएका ज्येष्ठ नागरिकहरु पनि पारिवारिक दुर्व्यवहारमा परिरहेका छन् । यो भन्दा विडम्बनाको विषय केही हुन सक्तैन ।

अधिकांश पश्चिमी मुलुकमा छोरा-छोरीको निश्चित उमेर पुगेपछि ती आफ्नै खुट्टामा उभिन्छन् र आमा बुबाको सम्पत्तिमा दावी नगर्ने गरी घर छोड्छन् । आफ्ना आमा-बुबा उमेरले अशक्त हुँदै जाँदा आफू छोरा वा छोरी हुनुको कर्तव्य निर्वाह गर्छन् । तर, सम्पत्ति वा अंशको माग गर्दैनन् । ती विकशित कहलिएका छन् ।

दोस्रो विकल्प अनुसार, ज्येष्ठ नागरिकले आफ्नो भविष्यको सुरक्षाका लागि आफ्नो सम्पत्ति सरकारले कानून निर्माण गरी तोकेको आधिकारिक ट्रष्टमा हस्तान्तरण गरी बाचुन्जेल सेवा सुविधा पाउन सक्नेछन् । यसरी ट्रष्टमा दिइएको सम्पत्ति पनि ज्येष्ठ नागरिकले चाहेका बखत रद्ध गरी आफूखुसी गर्न पाउने कानूनी व्यवस्था गर्नुपर्छ ।

यसरी आफूसँग सम्पत्ति भएका ज्येष्ठ नागरिकले बाचुन्जेल सो सम्पत्ति आफ्नो इच्छा अनुसार सन्तानलाई दिने वा ट्रष्टलाई दिने र चाहेका बखत जारी गरेको लिखत खारेज गर्न सक्ने प्रबन्ध भएपछि ९० प्रतिशत दुर्व्यवहार स्वतः निष्कृय हुनेछ ।

२. सन्तानबाट पालनपोषण

आफूसँग सम्पत्ति नहुने ज्येष्ठ नागरिकको हकमा २ वटा विकल्पका कानूनी प्रवन्ध गर्नुपर्छ । पहिलो विकल्प अनुसार, विपन्न आमा बुबाले आर्जन गर्ने छोरा छोरीको आर्थिक हैसियत अनुसार मानाचामल भराउने कानून ल्याउन जरुरी भएको छ । हाल संसदमा विचाराधीन ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को संशोधनमा ज्येष्ठ नागरिकले आफ्ना सन्तानको मासिक आर्जनको १० प्रतिशतसम्म दावी गर्न पाउने कानूनी व्यवस्था प्रस्तावित गरिएको छ ।

वर्तमान कानूनमा, ज्येष्ठ नागरिकलाई आर्थिक हैसियत तथा इज्जत आमद अनुसार पालन पोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुनेछ भनिएको छ । यस्को प्रचलनका लागि कानूनको व्याख्या हुन जरुरी भएको हो ।

प्रत्येक आमा बाबुले आफ्ना सन्तानलाई जन्माउछन्, हुर्काउछ, खाई नखाई पढाउँछन्, लेखाउँछन्, आय आर्जन गर्न सक्ने गरी सक्षम तुल्याउँछन् । यसरी उनीहरुले आफू आर्जन गर्न सक्ने उमेरमा आर्जन गरेको रकम बैकमा नराखी सन्तानको उन्नति, प्रगतिका लागि केटाकेटीमाथि लगानी गर्छन् । यस्तो लगानीको प्रतिफल आफू आर्थिकरुपमा कमजोर हुँदाका बखत माग गर्नु प्राकृतिक न्यायको सिद्धान्त अनुकूल नै हुनेछ ।

३. राज्यको विशेष संरक्षण

दोस्रो विकल्प अनुसार, सन्तान नभएका र भएपनि आर्थिक हैसियत नभएका विपन्न ज्येष्ठ नागरिकको जिम्मेवारी राज्यले लिनुपर्छ । नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकको हकको व्यवस्था छ । जस अनुसार, ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ ।

सामाजिक सुरक्षाको हक अनुसार हाल ७० वर्ष पूरा गरेका नागरिकले मासिक रु ३ हजार सामाजिक सुरक्षा भत्ता पाइ आएका छन् । आगामी आ.व. २०७८/०७९ देखि यो भत्ता मासिक रु.४ हजार हुनेछ । यस्मा ६० वर्षदेखि ७० वर्ष उमेर समूहलाई भत्ताबाट वंचित गरिएको छ । जो, स्वयंमा सम्बैधानिक र कानूनी व्यबस्था विपरित छ । किनकी, कानूनले ६० वर्ष पुगेकालाई ज्येष्ठ नागरिक ठहर गरेको छ ।

संविधान प्रदत्त विशेष संरक्षणको हकको प्रचलनका लागि ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा कानूनी प्रबन्ध गरिएको छ। यस कानूनमा 'असहाय ज्येष्ठ नागरिक' र 'अशक्त ज्येष्ठ नागरिक' को परिभाषा रहेको छ ।

जसअनुसार 'असहाय ज्येष्ठ नागरिक' भन्नाले (१) जीवनयापन गर्ने कुनै आधार, आयश्रोत वा सम्पत्ति नभएको, (२) पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको, (३) परिवारको सदस्य भएपनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको भनिएको छ ।

यसैगरी, 'अशक्त ज्येष्ठ नागरिक' भन्नाले शारीरिक वा मानसिक रुपले अशक्त ज्येष्ठ नागरिक सम्झनु पर्छ भनिएकोछ । यिनलाई राज्यले अनिबार्य रुममा आवासिय सेवा दिनुपर्छ । यी वाहेकका ज्येष्ठ नागरिकलाई राज्यले जीवनयापन गर्न पुग्ने गरी सामाजिक सुरक्षा भत्ता दिनु पर्छ । जस्को चर्चा अर्को बूदामा छ ।

४. भत्ता बढाउने

२०५१ सालबाट रु सयबाट आरम्भ भएको मासिक भत्ता आ.व. ०७८/०७९ देखि रु. ४ हजार पुगेको छ । विश्वव्यापी प्रचलनलाई हेर्दा, कूल ग्राहस्थ्य उत्पादनको ईटालीमा १६ प्रतिशत, फ्रान्समा १४ प्रतिशत तथा भारतमा ४ प्रतिशत बजेट सामाजिक सुरक्षामा छुट्याईन्छ । नेपालमा कूल ग्राहस्थ्य उत्पादनको करिब २ प्रतिशत बजेट मात्रै विनियोजन भएको अबस्था छ ।

भत्ता वितरणमा ज्येष्ठ नागरिकलाई उमेर समूहमा वर्गीकरण गर्न सकिन्छ । जस अनुसार (१) ७० देखि ७९ वर्षका लाई मासिक रु ५ हजार भत्ता दिने । (करिब १० लाख) (२) ८० देखि ८९ वर्षका लाई मासिक रु १० हजार दिने । ( करिब १,८१,३१४ जना) (३) ९० देखि ९९ वर्षका लागि मसिक रु २५ हजार दिने । (करिब २६,७२९ जना) (४) १०० वर्ष सो माथिका लाई मासिक रु ५० हजार दिने । ( करिब ३,५६६ जना) । यसबाट सरकारलाई ठूलो आर्थिक भार पर्दैन ।

भत्ता वितरणमा बैकिंग सेवा नपुगेको स्थानमा नगद नै बितरण गर्ने प्रणाली लागू गर्नुपर्छ । बैकिंग सेवा टाढा भएको दूर दराजका क्षेत्रहरूमा भेण्डिंग मेशिन मार्फत रकम वितरण गर्न सकिन्छ ।

बृद्धाश्रममा रहेकाहरु मध्ये जस्को नागरिकता छैन, उनीहरुलाई वृद्धाश्रमको सिफारिसमा मासिक भत्ता दिनुपर्छ । यसैगरी, सत्तरी वर्ष माथिका व्यक्ति, जस्को नागरिकता छैन, उनीहरुलाई गाउपालिका वा नगरपालिकाको सिफारिशमा मासिक भत्ता दिनु पर्छ ।

यसरी मासिक भत्ता वितरण गर्दा ऐनको परिभाषा अनुसारको शर्त पूरा गरेको आधारमा 'असहाय ज्येष्ठ नागरिक' र 'अशक्त ज्येष्ठ नागरिक' को पहिचान गरी (परिचयपत्र वितरण गरी) उनीहरुलाई मासिक भत्ता दोव्वर दिनु पर्छ ।

ज्येष्ठ नागरिकले प्राप्त गरेको मासिक भत्ता निजले आफुखुसी गर्न पाउने कानूनी प्रबन्ध गर्नुपर्छ। ज्येष्ठ नागरिकलाई पनि वर्षभरिमा निजले छनौट गरेको एउटा पर्वमा एक महिनाको भत्ता बराबर पर्व खर्च दिनुपर्छ।

ज्येष्ठ नागरिकको मासिक भत्ताको बैक खाता अलग्गै हुनेछ । यस्मा अर्को थप रकम जम्मा गर्न पाइने छैन र यस्तो रकम बैकमा जम्मा भएकै दिनबाट बैकले एक वर्षको मुद्दति खाता वरावरको व्याज दिन आरम्भ गर्नेछ ।

यस्तो भत्ता पाउने उमेर साविकमा ७५ वर्षबाट ७० वर्षमा झारिएको थियो । अब यो उमेर ६५ वर्षमा झार्नुपर्छ ।

५. अधिकारमा आधारित भत्ता

ज्येष्ठ नागरिकले जीवन धान्न सकिने बराबरको मासिक भत्ता पाउनु उनीहरुको नैसर्गिक अधिकार हो ।

हाल सरकारले सबैभन्दा तल्लो

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# को थिए नालापानी यूद्धमा मारिएका महिला र बालबालिका ?

इतिहासमा नालापानी युद्ध जति चर्चित छ, त्यहाँ मारिएका महिला र बालबालिका को थिए भन्ने विषय त्यति नै गुमनाम छ। तर, यो विषयमा प्रश्न उठाउनु जरुरी छ ।

यो युद्ध सन् १८८४ को ३१ अक्टोबरदेखि ३० नोभेम्बरसम्म भएको थियो। गोर्खाली सेना बलभद्र कुँवरको नेतृत्वमा नालापानीमा किल्ला गाडेर युद्धमा ओर्लिएको थियो। पहिलो आक्रमणमा गोर्खाली सेना विजयी भयो। धेरै अंग्रेज सेना मारिए। दोस्रो आक्रमणमा अंग्रेज सेनाको नेतृत्व गरिरहेका जनरल जिलेस्पी पनि मारिए। केही समयपछि कर्णेल माबीको नेतृत्वमा अंग्रेज सेनाले फेरि नालापानीमा आक्रमण गऱ्यो। यसपटक अंग्रेजले नेपाली सेनाको किल्लामा लगिएको पानीको मुहान बन्द गरिदिए। आफ्ना अधिकांश सैनिकको मृत्यु भएपछि बलभद्र कुँवर युद्ध छाडेर खलङ्गा किल्लातर्फ गए भनी नेपाली इतिहास भन्छ ।

गोर्खाली सेनाको वीरता अहिले पनि संसार प्रसिद्ध छ। उनीहरू एकनिष्ठताका साथ लडेका थिए। नालापानी युद्धमा नेपाली सेना बहादुरीपूर्वक लडेको भनेर अंग्रेजहरूले पनि प्रशंसा गरेका छन्। उनीहरूले बलभद्र कुँवर र नेपाली सेनाको सम्मानमा स्मारक नै बनाएका छन्। विरोधी सेनाले आफूसँग लडेको सेनाका बारेमा प्रशंसा गरेर लेख्नु ठूलो कुरा हो ।

यो युद्धपछि बलभद्र कुँवर कहाँ गए, के गरे भन्ने प्रस्ट छैन। उनी पन्जाबी राजा रणजित सिंहको सेनामा भर्ती भए भनिन्छ। तर, थप अनुसन्धान गर्न बाँकी छ। योसँगै प्रश्न उठाउनुपर्ने मुख्य पाटो किल्लाभित्र मारिएका महिला र बालबालिका को थिए भन्ने नै हो ।

नालापानी युद्धपछि अंग्रेज सेनाका तर्फबाट लेखिएको संस्मरणमा त्यहाँ महिला र बालबालिका पनि मारिएका थिए भन्ने उल्लेख छ । नेपालको इतिहासमा भने 'महिला र बालबालिका पनि वीरतापूर्वक लडेका थिए' भनेर व्याख्या गरिएको छ। नेपाली महिलाको सौर्यगान जस्तो गरी यो विषय इतिहासमा पढाइन्छ ।

के साँच्चै नालापानीमा गोर्खाली फौजका तर्फबाट महिला र बालबालिका पनि लडेका थिए त ?

यस्तो दाबीको कुनै ठोस आधार भने भेटिँदैन ।

गोर्खाली सेनाले कर्णालीपारि वा आजको सुदूरपश्चिमलाई नेपाल राज्यमा गाभ्दा र गाभेपछि पनि व्यापक दमन भएको थियो। त्यहाँ गोर्खाली सेनालाई अत्याचारी वा बलात्कारी सेनाका रूपमा चिनिन्थ्यो। त्यो समय युद्ध भएपछि यस्तो हुनु स्वाभाविक पनि थियो। डोटीका राजा दीप शाही र कुमाउँका राजनीतिज्ञ हर्षदेव जोशी त यसअघि अंग्रेजसँग मिलेर नै गोर्खाली सेनासँग लडेका थिए।

पानीको मुहान अंग्रेजहरूले बन्द गरेका कारण गोर्खाली सेना हारेको भनिन्छ। इतिहासमा कहींकतै मुहान खोल्न जाँदा यति मारिए वा यस्तो झडप भयो भन्ने उल्लेख छैन। सामान्यतया पानीको मुहान भनेको सधैं स्थानीयको नियन्त्रणमा वा पहुँचमा हुन्छ। स्थानीय जनताले पनि पानीको मुहान खोलिदिन प्रयास नगरेको नै बुझिन्छ। कर्णालीपारिकै स्थानीय किल्लाभित्र रहेको भए उनीहरू पानी नपाएर मर्ने स्थिति आउँदा त्यहाँका स्थानीयले केही न केही गरेको वा गर्न खोजेको हुनुपर्ने हो। त्यस्तो भएको भए इतिहास लेखनमा त्यो प्रसंग लुकाउनुपर्ने जरूरी थिएन। यसप्रकारको इतिहासलाई आधार बनाएर हेर्दा स्थानीय जनता गोर्खाली सेनाको साथमा युद्ध मैदानमा नरहेको सजिलै बुझिन्छ ।

अर्को कुरा गोर्खाली सेनाले कहिले पनि महिलाको भर्ती लिएको इतिहास छैन। आजको नेपाली सेना त्यही गोर्खाली सेनाको विकसित रूप हो। यो सेनामा पञ्चायत कालको अन्त्यतिरदेखि महिलालाई लिन थालिएको हो, त्यो पनि युद्धकार्यका लागि नभएर बन्दाबस्ती लगायतका कामका लागि मात्रै। पछि बहुदल आएपछि सबै सैन्य कामका लागि सानो संख्यामा महिलाको भर्ती सुरु गरिएको हो ।

त्यो बेलाको गोर्खाली सेना हिन्दु उच्च जातिय पुरूषवादी सोचबाट निर्देशित फौज थियो जसमा महिलालाई फौजमा राख्ने कुरा कल्पना पनि गर्न सकिँदैन थियो। त्यसकारण गोर्खाली फौजले कर्णालीवारिबाट नै महिलाहरूलाई भर्ती गरेर लग्यो भन्ने त मान्नै सकिँदैन ।

गोर्खाली फौजले महिलालाई भर्ती गरेको मान्दा पनि त्यहाँ अर्को प्रश्न उठ्छ- बालबालिका त्यहाँ किन आए त? फौजमा भर्ती भएका महिलाले युद्ध लड्न जाँदा आफ्ना छोराछोरी पनि लिएर त पक्कै गएनन्। यस तर्कले पनि गोर्खाली फौजमा महिला भर्ती भएका थिएनन् भन्ने नै पुष्टि हुन्छ ।

गोर्खाली फौजले कर्णालीपारि विजय हासिल गरेपछि आफ्नो अधिनमा आएका राज्यहरूलाई कर तोकेको थियो। जसले कर तिर्थ्यो, उसलाई सजिलै थियो। जसले कर तिर्न सक्दैनथ्यो, उसले आफ्नो थुम बस्तीबाट चेलिबेटीसमेत करको भर्पाइस्वरूप गोर्खाली फौजलाई सुम्पनुपर्थ्यो। आफूले चाहेका युवती गोर्खाली सेनाले आफैं राख्थ्यो, बाँकी युवतीलाई काशीमा लगेर बेचिन्थ्यो।

१० देखि १५० रूपैयाँसम्ममा पाँच सयजति महिलालाई गोर्खाली सेनाले बेचेको कुरा भारतको उत्तराखण्डको इतिहासका पुस्तक र कर्णालीपारिका बस्तीहरूको जनश्रुतीमा अहिले पनि जिउँदै छ। युद्धका कतिपय घटना र अत्याचारबारे थुप्रै लोकगीत नै छन्। यस्तो अवस्थाले भन्छ- स्थानीय महिला गोर्खाली फौजका लागि युद्ध लड्न आउने कुरै भएन ।

त्यसैले, किल्लामा मारिएका महिला र बालबालिका गोर्खाली सेनाका पक्षमा युद्ध लड्न गएका महिला थिएनन् भन्ने पुष्टि हुन्छ। इतिहासमा अहिलेसम्म हामी जे पढिरहेका छौं, त्यो गलत छ भन्ने प्रमाणित हुन्छ । नेपाली महिलाहरूले साँच्चिकै युद्ध लडेका भए, एक एक सैनिकको नाम लेख्ने राज्यसत्ताले ती महिला नायिकाको नाम किन लेखेन त? उनीहरूमध्ये कोही अलि बहादुर लडाकु महिला भएको भए उनलाई पनि बलभद्रलाई झैं 'आइकन' बनाउन किन छोड्थ्या ? यो त अझ ठूलो गौरवको कुरा हुन्थ्यो। भृकुटी र सीताजस्ता पीडित नारीलाई त महान् नारीका रुपमा प्रस्तुत गर्ने राज्य नालापानीमा पछि पर्ने थिएन । तर ती महिला लडेकै थिएनन्, उनीहरू युद्ध लड्न गएकै थिएनन् । त्यसैले कसैको नाम उल्लेख भएन ।

अब प्रश्न उठ्छ, को थिए त ती महिला र बालबालिका ?

जसरी ती महिला गोर्खाली फौजका पक्षमा युद्ध लड्न गएका थिएनन् भन्ने स्पष्ट हुन्छ, ती महिला को थिए भन्नेचाहिँ त्यति स्पष्ट हुँदैन।

मेरो अध्ययनमा यसका दुईवटा सम्भावना छन् ।

पहिलो सम्भावना- ती वादी महिला हुन सक्छन्। भेरी वारिपारीका सल्यान, रुकुम र जाजरकोट लगायत राज्यहरू नेपालमा गाभिएपछि त्यहाँको वादी समुदाय अकस्मात दरबारको संरक्षणबाट सडकमा आइपुग्यो। उनीहरू जीविका चलाउनै नसक्ने अवस्थामा पुगे। उनीहरू दरबारको संरक्षणमा बस्थे। वादी महिलालाई 'पातर' भनिन्थ्यो। त्यसबेला पातर भनेका नर्तकी हुन्। उनीहरूलाई धेरै ठूलो सम्मान गरिन्थ्यो। उनीहरूलाई त्यसबेलासम्म छुवाछुत पनि गरिदैंन थियो भन्ने मानिन्छ ।

युद्धमा हारेपछि भेरी नदी वारिपारीका राजा कोही काठमाडौंसँग सम्झौता गरेर काठमाडौंतिर गए। कोही भागेर भारततिर गए। निष्कर्षमा, उनीहरू कर उठाएर सोख गर्नबाट वञ्चित हुन पुगे। किनकि, त्यहाँको कर गोर्खाली फौजले उठाउन थाल्यो। पातरहरू एक्कासि रोजगारविहीन भए। यसअघि नाच्ने, गाउने र दरबारको संरक्षणमा बस्ने भएकाले उनीहरू खेतीपाती पनि गर्दैनथे। उनीहरू जे गरेर भए पनि जीविका चलाउनुपर्ने ठाउँमा पुगेका थिए। त्यसैकारण उनीहरू यौन अत्याचार भोग्नसमेत बाध्य हुने अवस्थामा पुगे। पछि उनीहरूमाथि छुवाछुत थोपरियो ।

यसअघि त्यो समाजका राजा-महाराजा, सामन्तहरूले निम्तो गरेर विशेष अवसरमा नाच्ने महिलालाई गोर्खाली सेनाले सडकमा आएको अवस्थामा फेला पारेको थियो। फौजको रमाइलोका लागि उनीहरूलाई नाच्न लगाउन सजिलो त भयो नै, उनीहरूमाथि यौन शोषण पनि गर्न सकिने अवस्था भयो। यसरी फौजको मनोरञ्जनका लागि किल्लामा लगिएका महिलाले आफ्नो बालबच्चा त छोड्न सक्दैन थिए। त्यसैल, उनीहरू आफ्ना बालबच्चा सहित किल्लामा लगिएका थिए। किल्लाभित्र मारिएका महिला र बालबालिका तिनै वादी पातर महिला हुन सक्छन् ।

दोस्रो सम्भावना-गोर्खाली फौजले तोकेको कर बुझाउन नसकेपछि कर्णालीपारिका थुम बस्तीहरूबाट करको भर्पाइ गर्न गोर्खाली फौजले तानेर ल्याइएका महिला हुन सक्छन्। जसलाई उनीहरूले काशी लगेर बिक्री नगरी आफैंसँग भोगविलासका निम्ति राखेका थिए। गोर्खाली फौजले कर्णालीपारि दखल गरेपछि नतिरेको कर भुक्तानीका रुपमा महिलाहरू लिने गरेकाले त्यतिबेलासम्म ती महिलाबाट सन्तान जन्मिसकेको हुनसक्ने सम्भावनालाई इन्कार पनि गर्न सकिन्न। यसरी त्यस किल्लामा मारिएका महिला र बालबालिका यी पनि हुनसक्छन् ।

भेरी नदी वारिपारिदेखि कर्णाली वारिपारिसम्मको समाज शास्त्र, इतिहास र जनश्रुति हेर्दा यी दुई सम्भावना प्रमाणित हुनसक्ने आधार भेटिन्छ। नालापानी युद्धमा नेपाली महिलाहरू वीरतापूर्वक लडेका थिए र लडाइँमा भाग लिन उनीहरू किल्लामा बसेका थिए भन्ने दाबी गलत हो भनेर सजिलै भन्न सकिन्छ। यो त सत्य ढाकछोप गर्न र झुट स्थापित गर्न अतिरञ्जित गरी बनाइएको पञ्चायती इतिहास मात्रै हो ।

किल्लामा मारिएका ती महिला जो भए पनि नेपाली हुन्। नेपालीहरूले अंग्रेजसँगको युद्धमा गरेको वीरताको बयान गर्दा त्यतिबेलाको गोर्खाली फौजले नेपाली महिलामाथि गरेको अत्याचारलाई छोप्न मिल्छ र? मिल्दैन। यो इतिहास बाहिर ल्याउँदा नेपाली सेनाको मानमर्यादामा आँच आउने कुरा होइन। यो त त्यतिबेलाको परिघटना हो, त्यसबेलाको राज्यको नीति हो। नेपाली सेना वीरतापूर्वक लडेको छ, रगत बगाएको छ, त्यसको महिमागान गर्ने कुरा एउटा पाटो भयो। तर, त्यसभित्र निरपराध नेपाली महिला र बच्चा युद्धमा मारिनुपर्ने जुन परिस्थिति निर्माण भयो, त्यो शोषणको विशिष्ट चक्र थियो भन्ने कुरा किन नभन्ने ?

कर्णालीपारिका मानिस अहिले पनि वारिकालाई पूर्वीया भनेर फरक दृष्टिले हेर्छन्। यस्तो दृष्टिकोण त्यसै बनेको त होइन, बरू त्यही दर्दनाक इतिहासको निरन्तरता नै हो। त्यो घृणाको कारण त इतिहासमा छोपिएको छ। इतिहासमा छोपिएको तथ्यलाई आज पनि न्याय गरेनौं भने उनीहरूको मनमा अहिले पनि घृणा भइरहने भयो। अत्याचार भएको विषयलाई एक हजार वर्षपछि भए पनि जस्ताको तस्तै अत्याचार नै हो भन्न सक्नुपर्छ। मानवचेतना र अरूमा एउटा फरक यही त हो। हाम्रो इतिहासको थुप्रै सन्दर्भ गलत सूचना लुकाउने या मनगढन्ते सूचना दिने गरी पञ्चायतले तयार पार्यो। त्यसरी त नयाँ पुस्ता अगाडि जान सक्दैन वा भ्रममा बाँच्न बाध्य हुन्छ। इतिहासमा भएका अत्याचारलाई छोप्दै जाने, फेरि नयाँ अत्याचार गर्दै जाने, यसरी मानिसको मनमा घृणा रहिरहने हो भने त समाज कसरी अगाडि जान सक्छ ?

त्यसैले, यो महत्वपूर्ण घटनाको कथित इतिहाससँग नयाँ पुस्ताले जोरी खोज्नै पर्छ, थप अनुसन्धान आवश्यक छ । रामलाल सुतिहारको फेसबुकबाट ।

## ब्राउनसुगर सहित ५ पक्राउ

विराटनगर । झापा र ईलामामा लागूऔषध ब्राउन सुगर सहित ५ जनालाई पक्राउ गरिएको छ ।

ईलाका प्रहरी कार्यालय दमकबाट आईतवार खटिएको प्रहरी टोलीले झापा कमल गाऊपालिका ३ का २२ बर्षीय बले भन्ने प्रज्वल बानियालाई लागुऔषध ब्राउन सुगर ४ ग्राम सहित घरबाटै पक्राउ गरिएको हो ।

त्यसैगरी प्रहरी चौकी दानाबारीबाट खटिएको प्रहरी टोलीले ईलाम माई नगरपालिका वडा नं. ४ शंकरगाउँ स्थितबाट लागूऔषध ब्राउन सुगर ५ ग्राम सहित सोही स्थान ८ का २८ बर्षीय महेश थापा, ३० बर्षीय कुविरसिंह तामाङ, सोही स्थान १ का २२ बर्षीय रुपेश कुमार खत्री र सोही स्थान ३ का २३ बर्षीय सुदिप कुमार दनुवारलाई पक्राउ गरिएको हो ।

प्रहरीले उनीहरुले प्रयोग गरेको प्रदेश १-०१३ प. ७२२२ र ना. ३२ प. ६९१९ नम्बरको मोटरसाईकल समेत नियन्त्रणमा लिई अनुसन्धान भईरहेको छ ।

## लुकाएर राखिएको गाँजा बरामद

विराटनगर । लागुऔषध गाँजाको कारोवार गर्ने गिरोहले लुकाएको १८ किलो लागुऔषध गाँजा प्रहरीले बरामद गरेको छ ।

विराटनगर महानगरपालिका वडा न. ६ ब्रह्मपुरास्थित एउटा घरबाट प्रहरीले गाँजा बरामद गरेको हो । नेपालबाट भारततिर अवैध रूपमा गाँजा ओसारपसार र कारोबार गर्ने गिरोहका तीन जनालाई प्रहरीले पक्राउ समेत गरेको थियो ।

पक्राउ पर्नेमा भारतीय नागरिक सोनु यादव, सुनसरी देवानगञ्जका रन्जित कुमार यादव र धनकुटा घर भएका रुद्र राई रहेका छन् । पक्राउ परेकाहरुमाथि अनुसन्धान गर्ने क्रममा उनीहरुले घरभित्र लुकाएर राखेको अवस्थामा गाँजा बरामद भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राईले जानकारी गराएको थियो ।

प्रहरीले गाँजा लुकाएको घर कसको हो भन्ने खुलाएको छैन । तर गाँजा भारत कटाउनका लागि धनकुटाबाट विराटनगर सम्म ल्याइएको पाइएको छ । प्रहरीको प्रारम्भिक अनुसन्धानबाट पक्राउ परेकाहरु लामो समयदेखि लागुऔषध गाँजाको अवैध कारोबारमा संलग्न रहेको खुलेको छ ।

प्रहरी हिरासतमा रहेका रन्जितले गाँजा कारोबारका लागि मध्यस्थकर्ताको भूमिका खेल्ने गरेको खुलेको छ ।धनकुटाको छिन्ताङबाट गाँजा झिकाएर भारतीय कारोबारीसँग सम्पर्क गर्दै बिक्री गर्ने धन्दामा उनको संलग्नता देखिएको प्रहरीका एक अनुसन्धान अधिकृतले बताए ।

उनका अनुसार रन्जितले धनकुटाका चन्द्र र भारतीय नागरिक सोनुसँग सम्पर्कमा रहेर गाँजा कारोबारको मध्यस्थता गर्ने गरेको पाइएको छ । मगाए अनुसार धनकुटाबाट चन्द्रले 'सप्लाई' गर्ने गाँजा रन्तिजले सोनुमार्फत भारत पुर्याउने गरेको फेला परेको प्रहरी स्रोतले जनाएको थियो ।

पक्राउ परेकाहरुमाथि थप अनुसन्धान भई रहेको डीएसपी राईले बताए ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

# प्रदेश १ को बजेट ३२ अर्ब ४६ करोड ९२ लाख

विराटनगर। प्रदेश १ सरकारले मंगलबार आगामी आर्थिक वर्ष २०७८-०७९ का लागि ३२ अर्ब ४६ करोड ९२ लाख रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ।

गत बर्षको तुलनामा ८ अर्ब ४३ करोड कम बजेट सरकारले ल्याएको छ। कुल विनियोजन मध्ये चालु तर्फ १४ अर्ब १६ करोड १५ लाख अर्थात ४३.६ प्रतिशत, पूँजीगत तर्फ १५ अर्ब ५ करोड ३५ लाख अर्थात ४६.३ प्रतिशत, स्थानीय तहमा वित्तीय हस्तान्तरण तर्फ ३ अर्ब २२ करोड ४२ लाख अर्थात १० प्रतिशत तथा वित्तीय व्यवस्था तर्फ ३ करोडको बजेट आर्थिक मामिला तथा योजना मन्त्री टंकबहादुर आङबुहाङले प्रस्तुत गर्नु भएको थियो।



आर्थिक मामिला तथा योजना मन्त्री टंकबहादुर आङबुहाङले बजेट प्रस्तुत गर्दै।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट ४ अर्ब ९ करोड ७७ लाख, राजस्व बाँडफाँडबाट .९ अर्ब ८१ करोड ६६ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट .८ अर्ब ५६ करोड ७८ लाख, सशर्त अनुदानबाट. ५ अर्ब ९६ करोड ७७ लाख, समपुरक अनुदानबाट १ अर्ब १६ करोड ४८ लाख र विशेष अनुदानबाट ५९ करोड ३३ लाखगरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा ३० अर्ब २० करोड ७९ लाख खर्च व्यहोरिने बजेटमा उल्लेख छ। अपुग रकम नगद मौज्दातबाट २ अर्ब तथा वैदेशिक अनुदानबाट २६ करोड १३ लाख व्यहोरिने आर्थिक मामिला तथा योजना मन्त्री आङबुहाङले बताएका थिए।

प्रदेश सरकारले स्वास्थ्यमा ३ अर्ब २५ करोड, शिक्षामा १ अर्ब १९ करोड, महिला, बालबालिका, जेष्ठ नागरिक र समावेशीकरणको क्षेत्रमा २१ करोड २७ लाख, युवा, खेलकुद, श्रम तथा रोजगार १६ करोड, भूमी, व्यवस्था कृषि तथा सहकारी २ अर्ब ९० करोड, उद्योग बाणिज्य, आपुर्ती व्यवस्थापनमा १८ करोड, संस्कृति, पर्यटन तथा जैविक विविधतामा ८३ करोड ३८ लाख, वन, वन्यजन्तु तथा वातावरण संरक्षणमा १ अर्ब ३६ करोड, भैतिक पूर्वाधार तथा यातायातमा १३ अर्ब २१ करोड, उर्जा र सिंचाईमा ३ अर्ब १५ करोड, खानेपानी तथा सरसफाई १ अर्ब ८२ करोड बजेट विनियोजन गरिएको छ।

सरकारले स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ। स्वास्थ्य क्षेत्रतर्फ सरकारले कोभिड विरुद्धको खोपको व्यवस्थापन, जनस्वास्थ्य केन्द्र स्थापना, अक्सिजन प्लान्ट तथा सघन उपचार कक्ष निर्माण, जिल्ला अस्पतालको स्तरोन्नति, गरिब तथा विपन्न वर्ग लक्षित उपचार कोषको स्थापना, दुर चिकित्सा परामर्श केन्द्रको स्थापना, स्वास्थ्यकर्मीहरुको मनोबल वृद्धि गर्न अतिरिक्त पारितोषिकको व्यवस्था, गम्भीर प्रकृतिका बिरामीहरुका लागि उपचार खर्चको व्यवस्था तथा औषधी र अक्सिजनलगायतका स्वास्थ्य सामाग्रीहरुको सहज आपुर्ति लगायतका कार्यक्रम अघि सारेको छ।

आगामी आर्थिक वर्षको बजेटमा सरकारले अर्थतन्त्रलाई गतिशील बनाउन राहत सहुलियतको कार्यक्रम अघि सारेको छ। सरकारले सञ्चार क्षेत्रको दर्ता र नवीकरण शूल्कमा छुट दिने व्यवस्था समेत गरेको छ। पहाडी क्षेत्रका दुर्गम जिल्लाका अस्पतालहरुमा पोष्टमार्टम सेवा विस्तार गर्ने सरकारको योजना छ।प्रदेश सरकारले सबै माध्यमिक विद्यालयहरुमा तालिम प्राप्त शिक्षक शिक्षिकाद्धारा किशोर किशोरीलाई नियमित मनोसामाजिक विमर्श तथा यौन शिक्षा प्रदान गर्ने निति लिएको छ। सरकारले आगामी आर्थिक वर्षदेखि विद्यालयमा प्रदान गरिने दिव खाजा तथा पोषण सामाग्रीको स्तरियता सुनिश्चित गर्ने कार्यक्रम समेत अघि सारेको छ।

सरकारले किसानहरुलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने, साना सिँचाई पुर्वाधार विस्तार गर्ने, कृषिबजार तथा कृषिउपज भण्डारण पुर्वाधार विकास गर्ने, पशु उपकरण खरिदमा सहयोग, थोपा सिँचाई कार्यक्रम लागु गर्ने र प्राङ्गारिक तथा जैविक खेती प्रर्वद्धन गर्ने लगायतका कार्यक्रमहरु समेटेको छ। आगामी आर्थिक वर्षमा प्रदेश सरकारले खेलकुद बोर्ड गठन, प्रदेशका सबै माध्यमिक विद्यालयहरु मा स्काउटको कार्यक्रम सञ्चालन, मुख्यमन्त्री कप तथा राष्ट्रिय लिग प्रतियोगिता र एक पालिका एक खेल मैदानको कार्यक्रमलाई पनि निरन्तरता दिईने बजेटमा उल्लेख छ।

# घाँटी बाँधी हत्या गर्ने पक्राउ

झापा। झापा मेचीनगर नगरपालिका वडा नं. ५ का ४० वर्षीय भिमराज लिम्बुको हत्या गरी फरार रहेका सोही स्थानका ५६ वर्षीय सुकराज लिम्बुलाई पक्राउ गरिएको छ।

मेचीनगर नगरपालिका ५ ईटाभट्टा अधेरी टोल स्थित ग्राबेल बाटोको छेउमा घाँटीमा कपडाको क्र्याक ब्याण्डेजले बाँधिएको र मुखबाट रगत आइरहेको अवस्थामा भिमराज मृत अवस्थामा फेला परेका थिए।

तत्काल घटनास्थलमा ईलाका प्रहरी कार्यालय काकडभिट्टाबाट खटिएको प्रहरीले उनको हत्या भएको पुष्टी गरे सगै घटनामा संलग्न भई फरार रहेका सुकराजलाई पक्राउ गरेको हो।

पक्राउ परेका सुकराजले आपसी झगडा हुदाँ खुट्टामा बाध्ने क्र्याक ब्यान्डेजले मृतकको घाँटीमा बाधी घटना घटाएको अनुसन्धानको क्रममा स्विकार गरेका छन्।

उनि उपर थप अनुसन्धान तथा कानुनी कारबाही भईरहेको छ।

# सेल्फी खिच्दा हात्तीको आक्रमा परी मृत्यू

विराटनगर। मोरङ सुनवर्षी नगरपालिका नगरपालिका वडा नं. ८ कुरेली स्थितमा सोही स्थान का २१ वर्षीय मनोहर मियाको हात्तीको आक्रमणमा परी मृत्यु भएको छ।

भारतबाट नेपाल प्रवेश गरेको १ वटा जंगली हात्तीले आक्रमण गरेको थियो। मिया हात्तीको नजिकै गएर सेल्फि खिच्ने क्रममा हात्तीको आक्रमणमा परी घाइते भएका थिए।

घाईते मियाको न्युरो अस्पताल विराटनगरमा पुऱ्याउन साथ मृत्यु भएको थियो।

# मोटर साईकल चालकको मृत्यु

विराटनगर। मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. ८ चिउरा मिल छेउ पुर्व-पश्चिम राजमार्गमा मंगलबार भएको सवारी दुर्घटनामा मोटरसाईकल चालक नवलपरासी गैडाकोट ९ घर भई हाल मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. ८ बस्ने २५ वर्षिय गोकुल थापा भन्ने याम बहादुर थापाको मृत्यु भएको छ।

दुर्घटनामा परी घाईते भएका थापाको सोही कोशी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

पुर्वबाट आउदै गरेको अन टेष्ट रोलरमा सोही दिशा तर्फ आउदै गरेको को ३५ प ५९७१ नम्बरको मोटरसाईकल ठक्कर खाई दुर्घटना भएको थियो।

सो दुर्घटनामा मोटरसाईकल पछाडी सवार सोही स्थानका ३० बर्षीय रुपक खड्का समेत घाईते भई धरानमा उपचार भईरहेको छ।

रोलर र चालक कटहरी गाऊपालिका ४ का ३३ बर्षीय सरोज कुमार गौतम ईलाका प्रहरी कार्यालय बेलबारीको नियन्त्रणमा रहेको छ।

# बिराट राजवंशी प्रगतिशील समाजको कार्यालय समुद्घाटन

राजेश कुमार राजवंशी

कटहरी, असाढ १ गते। बिराट राजवंशी प्रगतिशील समाजको कार्यालय कटहरी गाउँपालिका वडा नं. २ आदर्शटोलमा समुद्घाटन गरिएको छ।

विराट राजवंशी प्रगतिशील समाजको केन्द्रिय अध्यक्ष अत्यानन्द राजबंशी सो कार्यालयको समुद्घाटन उदघाटन गरेको हो।

कार्यालय समुद्घाटन गरेसंगै विराट राजवंशी प्रगतिशिल समाज समेत गठन गरिएको छ। अत्यानन्द राजवंशीको नेतृत्वमा ९ सदस्य समिति गठन गरिएको छ। उक्त समितिको उपाध्यक्षमा तिलकराम राजवंशी, सचिव सुनिल राजवंशी, सह-सचिव इन्द्रलाल राजवंशी, कोषाध्यक्ष देबराम राजवंशी रहेका छन्। त्यसैगरी सदस्यहरु मोहन राजवंशी, भरतराजवंशी, दुर्गेश राजवंशी, सुनिता देवी राजवंशी,दिनेश राजवंशी रहेका छन्।

कार्यलय उदघाटनमा शुभकामना मन्तव्य राख्दै मोहन राजवंशीले भने विराट राजवंशी समितिलाई अगाडि बढाउन को लागि सम्पुर्ण विराट युवा एक भएर लाग्न आवश्यक छ त्यसैगरी सोही क्रममा इन्द्रलाल राजवंशीले हामी समाजलाई अगाडि बढाउनको लागि आर्थिक, शैक्षिक, राजनीति र जनचेतना मुलुक कार्यक्रम गर्नुपर्ने बताए।

"प्रगतिशील शक्तिलाई जोडौं विराट राजवंशी समाजलाई उठाऔं देशको पहिलो स्थानमा ल्याऔं" भन्ने मुल नाराको साथ अगाडि बढीरहेको छ अध्यक्ष अत्यानन्द राजवंशीले बताए।

उक्त कार्यालय उद्घाटन कार्यक्रमको उद्घोषण सुनिल राजवंशीले गरेका थिए भने कार्यक्रम अत्यानन्द राजवंशीको अध्यक्षतामा सम्पन्न भएको थियो।

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सबै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन कामा सहयोग गर्ने।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (बन्द) गर्ने।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८९८, ९८४४०९९३७०

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु।

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १




## जेष्ठ...

तहको अदक्ष कामदार, मजदुरको लागि मासिक न्यूनतम् पारिश्रमिक रु १५ हजार निर्धारण गरेको छ। सरकारी निकायको संयन्त्रमा दैनिक न्यूनतम् ज्याला दररेट तोक्ने प्रचलन अद्यापि छ। यसमा औसत न्यूनतम् दैनिक करिब एक हजार ज्याला दर तोकिएको बुझिएको छ। यस हिसाबले ज्येष्ठ नागरिकले मासिक रु ३० हजार सामाजिक सुरक्षा भत्ता वापत पाउनु पर्ने देखिन्छ।

नेपालको संबिधानको धारा ३३ मा रोजगारीको हकको व्यबस्था छ। यस मौलिक हकको कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २२ मा निर्बाह भत्ताको व्यबस्था गरिएको छ। यस्मा सरकारले वर्षको कम्तिमा १०० दिनको रोजगारी उपलब्ध गराउने प्रत्याभूति गरिएको छ।

यदि प्रत्याभूति गरिएको रोजगारी दिन नसकिएमा सरकारद्वारा तोकिएको न्यूनतम पारिश्रमिकको आधा रकम निर्वाह भत्ता वापत दिने भनिएको छ। यो रकम मासिक रु १५ हजार हुन आउछ। यस हिसावले ज्येष्ठ नागरिकले पनि मासिक रु १५ हजार भत्ता पाउनु पर्ने प्रष्ट हुन्छ।

६. सामाजिक चेतनाको विकास

ऐनमा ज्येष्ठ नागरिकप्रति सम्मान गर्नुपर्ने कुरा लेखिएको छ। यस्को व्यापक उपयोग हुने वातावरण निर्माण गर्नुपर्छ। यसका लागि पर्चा, पम्पप्लेट, होडिङ्गबोर्ड, वालपेन्टिङ्गको प्रवन्ध गर्नुपर्छ। यसैगरी नाटक, कविता, कथा प्रतियोगिता गराउनु पर्छ।

स्कूलको प्राथमिक स्तर देखि कलेजको उच्च शिक्षा अध्ययन सम्मको पाठ्यसामाग्रीमा ज्येष्ठ नागरिकलाई सम्मान, हेरचाह र दायित्ववोध हुने प्रकृतिको विषयवस्तु समावेश गर्नुपर्छ।

साथै, सबै वडामा ज्येष्ठ नागरिकलाई कसरी स्याहार गर्ने भनी परिवारका सदस्यहरुलाई अनिवार्य र नियमित रुपमा तालीम दिनुपर्छ। चाडपर्वमा सबै जात, समुदाय, वर्गले ज्येष्ठ नागरिकको अनिबार्य आर्शिवाद लिने परम्परालाई उच्च महत्व दिनुपर्छ।

तीनै तहका सरकार र सबै संघ संस्थाले सबै प्रकारका कार्यक्रमहरुको उद्घाटन, समापन, पुरस्कार बितरण, पुस्तक विमोचन लगायतका कार्यक्रम ज्येष्ठबाट गराउनु पर्छ। यस्ता कार्यक्रममा मन्त्री, सचिव लगायतका पदाधिकारी प्रमुख अतिथि हुनु भनेको कन्फिल्क्ट अफ इन्ट्रेस्ट का रुपमा बुझिइनु पर्छ।

नेताको नाममा मात्रै होईन, समाजमा योगदान पुर्याएका ज्येष्ठ नागरिकको नाममा पनि सडक, पार्क लगायतको नामाकरण गर्नुपर्छ। जन्म दिबस, न्वारन, पास्नी, बिबाह, ब्रतबन्ध लगायतमा फजूल खर्च गर्नुको सट्टा ज्येष्ठ नागरिकको हितमा काम गर्न, कोषमा रकम जम्मा गर्न आम नागरिकमा राष्ट्रियस्तरमा आव्हान गर्नुपर्छ।

ज्येष्ठ नागरिकलाई सम्मान गर्न कुन जिल्ला, कुन शहर, कुन गाउ, कुन टोल उत्कृष्ट छ भनी पहिचान गर्ने परांपराको थालनी गर्नुपर्छ। समाजमा, सामाजिक काममा सार्वजनिक पदाधारीको सट्टा उमेर पाका मानिसलाई क्रमशः आशन ग्रहण गराउने, सम्मान गर्ने संस्कृतिको विकास गर्नुपर्छ। अन्य मुलुकका असल अभ्यासको खोजी गरी हामी सुहाउदोढंगले अनुशरण गर्ने।

७. क्षमताको उपयोग

तीनै तहका सरकारले परामर्शदाता, सल्लाहकार, स्वयं सेवक, संचालक सदस्य लगायत का पदमा नियुक्ति गर्दा सर्बप्रथम योग्य ज्येष्ठ नागरिकलाई अग्राधिकार दिने नीति लिनुपर्छ। स्थानीय तहको प्रत्येक वडामा ज्येष्ठ नागरिक स्रोत केन्द्रको स्थापना गर्नुपर्छ। यस केन्द्रले ज्येष्ठ नागरिकको प्रोफाइल तयार गरी उनीहरुको क्षमतालाई राष्ट्र निर्माणमा उपयोग गर्न सक्नु पर्दछ।

कुनै ज्येष्ठ नागरिकले व्यवसाय वा स्वरोजगार गर्ने भए रु २५ लाख सम्मको सरल व्याज दरको ऋण दिने गरी ज्येष्ठ नागरिक 'च्यालेन्ज फण्ड' खडा गर्नुपर्छ। यस्तो कोषबाट ज्येष्ठ नागरिकलाई बीउ पुँजी दिने र प्राइम लोकेशनमा व्यवसाय गर्न दिनुपर्छ। यस्मा एयरपोर्ट, सिंहदरबार, प्रदेश मन्त्रालय परिसर, पालिकाका कार्यालय लगायत मानिसहरु भेला हुने चोकहरु हुन सक्छन्।

ज्येष्ठ नागरिक ग्राम निर्माण गर्नुपर्छ। ज्येष्ठ नागरिकको स्रोत केन्द्र, सूचना केन्द्र, पुस्तकालय, रेष्टूरा खोल्ने अवधारणामा जानुपर्छ। ज्येष्ठ नागरिककै लागि विशेष आवासका लागि अपार्टमेण्ट को प्रणालीमा जानुपर्छ। सुपर मार्केटमा ज्येष्ठ नागरिकको खण्ड छुट्याउनु पर्छ।

ज्येष्ठ नागरिकले व्यबसाय गर्न सक्ने गरी बैकले श्रृण दिनुपर्छ। वीमा कम्पनीहरुले ज्येष्ठ नागरिक र व्यबसायको बीमा गरिदिनु पर्छ। ज्येष्ठ नागरिकहरू विभिन्न ज्ञान, सीप र अनुभवयुक्त रहने हुँदा, कुन ज्येष्ठ नागरिकको ज्ञान, सीप र क्षमता के कति छ त्यसको नियौंल सरकारी क्षेत्र, निजी क्षेत्र, गैससबाट उचित मौका दिनुपर्छ।

यसैगरी, प्रशासनिक काम, 'हेल्पडेक्स' संचालन, स्कुलमा शिक्षक, तथ्यांकको व्यबस्थापन, सालबसाली फाईल अभिलेख, समीक्षालय व्यबस्थापन, पुस्तका लय संचालन, 'थिंकट्यांक' लगायत को भूमिकामा ज्येष्ठ नागरिकलाई मौका दिनु पर्छ।

८. निःशुल्क स्वास्थ्यसेवा

सबै ५० बेड माथिका अस्पतालमा ज्येष्ठ नागरिकको उपचारका लागि विज्ञ चिकित्सक को दरवन्दी र उपकरण सहितको 'जेरियाट्रिक' वार्डको व्यवस्था गर्नुपर्छ। हाल, 'अल्जाइमर' मा रु १ लाख उपलव्ध गराउने गरी ९ वटा अस्पताललाई यो अधिकार तोकिएको छ। यस्तो अधिकार सबै ५० बेडमाथिका अस्पतालमा बिस्तार गर्नुपर्छ।

यसैगरी, हाल अल्जाइमर, मुटुरोग, मिर्गौला रोगीलाई सरकारले विशेष उपचार गर्ने व्यवस्था अनुसार रु १ लाखसम्म आर्थिक सहायता दिने गरेकोमा यो रकम क्रमशः रु ५ लाख र रु १० लाखमा वृद्धि गर्नुपर्छ। यस अतिरिक्त, हाल ज्येष्ठ नागरिकका लागि गरिएको रु १ लाखको बीमा रकम पनि क्रमशः रु ५ लाख र रु १० लाखमा वृद्धि गर्नुपर्छ।

ज्येष्ठ नागरिकलाई आवश्यक मल्टी भिटामिन र क्याल्सियम निःशुल्क वितरणको साथमा वर्षमा एक पटक निमोनिया फ्लु भ्याक्सिन लगाउने प्रवन्ध निःशुल्क मिलाइदिनुपर्छ। यसलाई ज्येष्ठ नागरिक भत्ता रकम बुझ्ने समयसम्म मिलाएर लैजानु पर्छ।

ज्येष्ठ नागरिकलाई तीनै तहका सरकारले सबै उपचारमा सरकारी र सामुदायिक अस्पतालमा निशुल्क उपचारको प्रबन्ध गर्नुपर्छ। साथै, निजी अस्पतालमा कम्तिमा ५० प्रतिशत छुटमा सेवा पाउने व्यबस्था गर्नुपर्छ।

ज्येष्ठ नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा हुनुपर्छ र कम्तिमा ५० प्रतिशत छुटमा एयर एम्बुलेन्स सेवा दिने प्रबन्ध गर्नुपर्छ। ज्येष्ठ नागरिकलाई आवश्यक पर्ने प्रायजसो, प्रेसर, सुगर, कोलेस्ट्रोल, दम, मुटु रोग विरुद्ध सेवन गर्ने औषधीहरूलाई जेनेरिक औषधी उत्पादन गर्ने व्यवस्था मिलाई केही निश्चित प्रतिशत छुट दिने प्रवन्ध मिलाइनु पर्दछ।

९. सुविधासम्पन्न दिवासेवा केन्द्र

आम ज्येष्ठ नागरिकका लागि प्रत्येक स्थानीय तहमा ज्येष्ठ नागरिकको भेटघाट, अनुभवको आदान प्रदान, मनोरन्जन लगायतका लागि ज्येष्ठ नागरिक अत्याधुनिक दिवा सेवा केन्द्र स्थापना गर्नुपर्छ। यसैगरी, ज्येष्ठ नागरिकलाई मनोरञ्जन एवं शारीरिक योग तथा व्यायाम गर्नका लागि ज्येष्ठ नागरिक वाटिका /पार्कको स्थापना गर्नुपर्छ। ज्येष्ठ नागरिकका लागि एकीकृत आरोग्य आश्रम खोल्नु पर्छ। ज्येष्ठ नागरिक मिलन केन्द्र, ज्येष्ठ नागरिक चौतारो संचालनमा ल्याउनु पर्छ।

ज्येष्ठ नागरिक ग्राम निर्माण गर्नुपर्छ। ज्येष्ठ नागरिकको स्रोत केन्द्र, सूचना केन्द्र, पुस्तकालय, रेष्टूरा खोल्ने अवधारणामा जानुपर्छ। ज्येष्ठ नागरिककै लागि विशेष आवासका लागि अपार्टमेण्टको प्रणालीमा जानुपर्छ। सुपरमार्केटमा ज्येष्ठ नागरिकको खण्ड छुट्याउनु पर्छ।

ज्येष्ठ नागरिक मध्येबाट अनुकरणीय काम गर्नेलाई बर्सेनि पुरस्कृत गर्नुपर्छ। अन्तरपुस्ता ज्ञान र सीप हस्तान्तरणका लागि इच्छुक र योग्य ज्येष्ठ नागरिकलाई स्कूल र क्याम्पसमा कक्षा लिने व्यबस्था गर्नुपर्छ। ज्येष्ठ नागरिकको अनुभव प्रकाशित र प्रशारित गर्न आम संचार माध्यमलाई उत्प्रेरित गर्ने नीति अख्तियार गर्नुपर्छ। कुनै ज्येष्ठ नागरिकले पिएचडी वा एमफिल गर्छु भनेमा छात्रवृत्ति दिनुपर्छ। कुनै जेष्ठ नागरिकले लेखेको पुस्तक मूल्यांकन समितिले उपयोगी ठहर गरे साझा प्रकाशन वा एकेडेमीले प्रकाशन गरिदिनुपर्छ।

यसरी ज्येष्ठ नागरिकका लागि निर्माण गरिने सबै संरचनामा युवा, केटाकेटी लगायत भ्रमणमा आउने आकर्षक थलो भएपछि स्वतः ज्येष्ठ नागरिकप्रति सम्मान गर्ने परांपरा बृद्धि हुनेछ।

१०. ज्येष्ठ नागरिक कल्याण कोष

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १७ मा ज्येष्ठ नागरिक कल्याण कोष खडा गर्नुपर्ने कानूनी व्यवस्था छ। हाल सरकारले ज्येष्ठ नागरिकलाई दिई आएको भत्ता वार्षिक बजेटबाट प्रदान गरिएको छ। यदि कुनै दिन सरकारको राजश्व घटी असुली भएमा चाहेर पनि भत्ता भुक्तानी गर्न नसकिने हुन सक्छ। यस्तो 'अन फण्डेड' भत्तालाई 'फण्डेड'मा रुपान्तरित गर्नुपर्छ। यसका बिभिन्न विकल्पहरु हुन सक्छन्।

विकल्प १ : नेपालमा रहेका बैकहरुमा खेलिएका बैक खातामा रहेको रकम लामो समयदेखि कसैले पनि दावी गरेको छैन भने यस्तो रकम ज्येष्ठ नागरिक विशेष कोषमा सारिदिनु पर्छ। यस्तो प्रवन्ध भारतमा गरिएको छ। राष्ट्रिय ज्येष्ठ नागरिक महासंघबाट यस्को पहल भैरहेको छ। महासंघले नेपाल राष्ट्र बैकका गभर्नरसँग बैठक गरी पत्राचार गरेको छ। यस्तो रकम अरबौ रहेको अनुमान छ।

विकल्प २ : सामाजिक सुरक्षा कर १ प्रतिशत लगाउने र यस्तो रकम कोषमा जम्मा गर्ने हो भने कोषमा बर्सेनि ५/७ अर्व रकम जम्मा हुनेछ। हुनतः हाल यसै शीर्षकको कर असुली भैरहेको छ, जो यहां प्रस्तावित गरिएको भन्दा भिन्न किसिमले उपयोग भैरहेको छ।

विकल्प ३ : कुनैपनि ज्येष्ठ नागरिकले आफ्नो शेषपछि मेरो सम्पत्ति ज्येष्ठ नागरिक विशेष कोषमा जाने गरी इच्छापत्र जारी गर्ने कानूनी व्यवस्था गनुपर्छ। यसबाट पनि केही वर्षमै कोषमा ठूलो धनराशी जम्मा हुनेछ।

यसरी माथि वर्णन गरिएका क्षेत्रमा कार्यान्वयनका लागि आवश्यक पहल गर्नु हामी सबैको कर्तव्य हो। आखिर सबै जना एक दिन ज्येष्ठ नागरिक हुनै पर्छ। जे रोप्यो, सोहि फल्छ र त्यस्को उपयोग गर्न पाइने हुन्छ। यसर्थ, यस क्षेत्रमा सबैले समयमै लगानी गर्दा पाको उमेरको जीवन दुर्व्यवहारमुक्त, सम्मानजनक र सुखी खुसीपूर्ण हुने कुरा व्यक्त गर्दै यस आलेखको विट मार्ने अनुमति चाहन्छु।

(बास्कोटा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका कार्यकारी सदस्य, राष्ट्रिय सुचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त र नेपाल सरकारका पूर्व सचिव हुन्।)

अनलाई खबरबाट


सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १


## ब्राउन सुगर सहित ४ पक्राउ



विराटनगर।मोरङको पथरीशनिश्चरे नगरपालिका र कानेपोखरी गाउँपालिकाबाट प्रहरीले ब्राउन सुगर (खैरो हेरोइन) सहित चार जनालाई पक्राउ गरेको छ।

प्रहरीको टोलीले पथरीश निश्चरे नगरपालिका र कानेपोखरी गाउँपालिकाबाट दुई/दुई जनालाई पक्राउ गरेको हो।

प्रदेश १ प्रहरी कार्यालय विराटनगरका प्रवक्ता एसपी महेन्द्रकुमार श्रेष्ठका अनुसार पथरीशनिश्चरे नगरपालिका वडा नं. १ स्थित सिनेमा हल नजिकबाट ३५ वर्षीय नारायण परियार र ३२ वर्षीय कृष्ण दर्नाललाई पक्राउ गरिएको छ।

उनीहरुको साथबाट १३ ग्राम आठ सय मिलिग्राम ब्राउन सुगर र तौल लिने डिजिटल मेसिन बरामद भएको एसपी श्रेष्ठले जानकारी गराएका थिए। उहाँका अनुसार बिक्री गर्दा तौल लिने मेसिनसमेत साथबाटै फेला परेपछि पक्राउ परेकाहरु लागुऔषध ब्राउन सुगरका कारोबारी रहेको पुष्टि हुन्छ।

त्यस्तै प्रहरीले कानेपोखरी गाउँपालिका वडा नं. २ का ३१ वर्षीय हर्क विष्ट र २७ वर्षीय योगेन्द्र निरौलालाई पक्राउ गरेको छ।

पक्राउ परेकाको साथबाट दुई ग्राम चार सय मिलिग्राम ब्राउन सुगर बरामद भएको एसपी श्रेष्ठले जानकारी गराएका थिए।

पक्राउ परेका चारै जनाविरुद्ध लागुऔषध ऐनअन्तर्गतको मुद्दा चलाउन म्याद थप गरेर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

## पेस्तोल सहित एक पक्राउ



उदयपुर। उदयपुर त्रियुगा नगरपालिका वडा नं. ३ मोतिगढाका ५० बर्षीय पर्शुराम चौधरीलाई अटोमेटिक पेस्तोल सहित पक्राउ गरिएको छ।

मोतिगढा स्थित घरमा बस्दै आएका चौधरीले हतियार लुकाई राखेको छ भन्ने बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले उनको कोठाबाट अटोमेटिक मेड इन यूएसए लेखिएको पेस्तोल थान १ र गोली ५ राउण्ड फेला पारेको थियो।

प्रहरीले थप अनुसन्धान गर्ने क्रममा उनकै कोठाबाट अखिल नेपाल ट्रेड युनियन महासंघ लेखिएको सहयोग रसिद ८ ठेली, नेकपा माओबादी केन्द्र लेखिएको सदस्यता पत्र थान ३, अखिल नेपाल निर्माण मजदुर संघ लेखिएको सदस्यता पत्र थान ८५ समेत फेला पारेको थियो।

पक्राउ परेका चौधरी उपर थप अनुसन्धान तथा कानुनि कारबाही अगाडी बढाईएको छ।


कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ते हुनु।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १